वि मो.नं. ९८५४०४१८९२

# घ्याङलेख गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

हायुटार, सिन्धुली
बागमती प्रदेश, नेपाल

प.सं. :- २०७८/०७९
च.नं. :- १८

मिति :- २०७८/०४/०५

विषयः आन्तरिक लेखापरीक्षण प्रतिवेदन ।

श्री घ्याङलेख गाउँपालिका,
गाउँकार्यपालिकाको कार्यालय हायुटार, सिन्धुली ।

प्रस्तुत विषयमा यस गाउँपालिकाको आ.व. २०७७/७८ को बजेट खर्च भई सो को लेखाङ्कन समेत सम्पन्न भएको तथा खर्च भएको बजेट खर्च रितपुर्वक भए नभएका आवश्यक पुष्ट्याई सहितको कागजातको परीक्षण कारोवारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताका आधारमा आन्तरिक लेखापरीक्षण गरि आवश्यक सुधार को प्रतिवेदन पेश गर्नुपर्ने व्यवस्था भएकोले त्यस अनुसारको आन्तरिक लेखापरीक्षण प्रतिवेदन यसै साथ संलग्न छ । आन्तरिक लेखापरीक्षण बाट औल्याएको व्यहोरा स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७७, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ परिच्छेद ६ को दफा ३३ बमोजिम कार्यान्वयन गर्न गराउनुहुन समेत अनुरोध छ ।

बोधार्थः

श्री महालेखापरीक्षको कार्यालय, बबरमहल, काठमाण्डौ ।
श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, आर्थिक प्रशासन शाखा, सिंहदरबार काठमाण्डौ।
श्री महालेखा नियन्त्रक कार्यालय, अनामनगर, काठमाण्डौ ।
श्री प्रदेश कोष तथा लेखा नियन्त्रकको कार्यालय, हेटौंडा, बागमती प्रदेश ।
श्री कोष तथा लेखा नियन्त्रक कार्यालय सिन्धुली ।

पदम बहादुर सुनुनवार
आ.ले.प. सहायक
आ.ले.प.शाखा

पदम बहादुर सुनुवार
आ.ले.प. सहायक

पं.स. :- ०७८।७९

मिति:२०७८/०४/०५

च.नं. :- १८

श्रीमान प्रमुख प्रशासकीय अधिकृत ज्यू,
घ्याङलेख गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय हायुटार, सिन्धुली ।

घ्याङलेख गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हायुटार, सिन्धुली
बागमति प्रदेश, नेपाल
२०७३

विषय : आन्तरिक लेखारिक्षण प्रतिवेदन सम्बन्धमा ।

उपरोक्त सम्बन्धमा देहाय बमोजिमको विभिन्न शिर्षकहरुमा आर्थिक वर्ष २०७७०७८ मा भएको आर्थिक कारोवारहरुको आन्तरिक लेखापरीक्षण कार्य सम्पन्न गरी प्रतिवेदन यसै साथ संलग्न राखि पेश गरेको छु ।

१. घ्याङलेख गाउँपालिका बाट प्रवाह भएको रकमको लेखापरीक्षण भई आर्थिक कारोवारहरुमा भएका कमी, कमोजोरीहरुलाई सुधार एंवम कम गर्नको लागि पहल गरेको छु ।
२. विनियोजन, धरौटी , राजस्व र अन्य श्रोतहरुको आन्तरिक लेखापरीक्षण गरेको छु ।
३. आन्तरिक लेखापरीक्षण गर्दा देखिएका त्रुटिहरु लाई शिर्षकगत सुझाव सहित को प्रतिवेदन यसै साथ संलग्न राखि पेश गरिएको छ ।

पदम बहादुर सुनुवार
आ.ले.प. सहायक

## तपसिल :

| सि.न. | आ.व. | व.उ.शि.नं. | कार्यक्रमको नाम | गौ.भौ.न. |
|---|---|---|---|---|
| १ | ०७७।०७८ | ८०३२५५०२१०१ | घ्याङलेख गाउँपालिका | १-४७२ (चालु) |
| २ | ०७७।०७८ | | घ्याङलेख गाउँपालिका | १-२७५(पुँजिगत) |
| ३ | ०७७।०७८ | ८०३२५५०२५०१ | संघिय सरकारबाट हस्तान्तरित कार्यक्रम (सशर्त) | १- २८२(चालु) |
| ४ | ०७७।०७८ | ८०३२५५०२५०१ | संघिय सरकारबाट हस्तान्तरित कार्यक्रम (सशर्त) | १-१६ (पुंजीगत) |
| ५ | ०७७।०७८ | ८०३२५५०२५०२ | प्रदेश सरकार बाट हस्तान्तरित कार्यक्रम(सशर्त) | १-२१(चालु) |
| ६ | ०७७।०७८ | ८०३२५५०२५०२ | प्रदेश सरकार बाट हस्तान्तरित कार्यक्रम(सशर्त) | १- १५(पूंजीगत) |
| ७ | ०७७।०७८ | ८०३२५५०२३००६०१ | प्रकोप व्यवस्थापन | १-६८ (चालु) |
| ८ | ०७७।०७८ | ८०३२५५०२३०२ | स्वास्थ्य गाउँपालिका | १- १३८(चालु) |
| ९ | ०७७।०७८ | | स्वास्थ्य गाउँपालिका | १- ३(पुंजीगत) |
| १० | ०७७।०७८ | ८०३२५५०२३०१ | शिक्षा गाउँपालिका | १-२७ (चालु) |
| ११ | ०७७।०७८ | | शिक्षा गाउँपालिका | १ -३ (पुंजीगत) |
| १२ | ०७७।०७८ | ८०३२५५०२३०३ | कृषि गाउँपालिका | १- ४३(चालु) |
| १३ | ०७७।०७८ | | कृषि गाउँपालिका | १-३ (पुंजीगत) |



पदम बहादुर
आ.ले.प. सहायक

ध्याङलेख गाउँपालिका

## गाउँकार्यपालिकाको कार्यालय हायुटार, सिन्धुली

## आ.व. २०७७/७८ को आत्तरिक लेखापरीक्षण प्रतिवेदन

कार्यालयको कोड नं.: ८०३२५५०२००१

कार्यालयको नाम:- ध्याङलेख गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय, हायुटार सिन्धुली ।

कार्यालय प्रमुख र लेखा प्रमुखको नाम देहाय बमोजिम उल्लेख गरिएको छ :-

| पदाधिकारी | | अवधि | |
|---|---|---|---|
| | | देखि | सम्म |
| प्रमुख प्रशासकिय अधिकृत | श्री राम कुमार कार्की | २०७६।११।२८ | २०७८।०३।३१ |
| लेखा अधिकृत (सातौ) | सुरेश कुमार अधिकारी | २०७७।०४।२२ | २०७८।०३।३१ |
| लेखा सहायक (पाचौं) | श्री रुद्र प्रसाद दहाल | २०७६।०९।०७ | २०७८।०३।३१ |

**आन्तरिक लेखापरीक्षण परीक्षण सम्बन्धी पद्धति र सीमा :-** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७७ को उपदफा २, ३, ४ र दफा ७८ , आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ९६ को उपनियम १ देखि ८ सम्म , आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३३ को उपदफा १ र ३ मा आन्तरिक लेखारीक्षण आफ्नो कार्यालय बाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमितता, प्रतिवेदन प्रणालीलाई विश्वासनीय बनाउन र आन्तरिक लेखापरीक्षण बाट औल्याईएका कैफियत अन्तिम लेखपरीक्षण हुनु अगावै नियमित गराउनु पर्ने भए नियमित गराई वा प्रमाण पेश गर्नुपर्ने भए, प्रमाण पेश गरी वा असुल उपर उर्नुपर्ने असुलउपर गरी बेरुजु लगत कट्टा गराउनुपर्ने व्यवस्था रहेको ।

पदम बहादुर [illegible]
आ.ले.प. सहायक

**परिचय:**

स्थानीय नेतृत्वको विकास गदै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायीक अभ्यासलाई संस्थागत गर्न र स्थानीय सरकारको संचालन गर्न यस गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारको संचालन गर्ने हरेक कार्यामा सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्तानीय सरकारका हरेक काममा जनसहभागिता,उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई लाभको वितरणमा सुलभ र गुणस्तरिय सेवा प्रदान गर्नु यस गाउँपालिकाको मुख्य उद्देश्य रहेको छ । बागमती प्रदेशमा, सिन्धुली जिल्लामा अवस्थित  २७° १९' देखि ११° २९' उत्तरी अक्षांश ८५° ४८' देखि ४२° ३६' पुर्वी देशान्तरसम्म फैलिएको यस गाउँपालिका को क्षेत्रफल १६६.७७ वर्ग कि.मि. रहेको छ ।  बागमती प्रदेशको कुल क्षेत्रफल को ०.८२ प्रतिशत भुभाग र सिन्धुली जिल्लाको ६.६९४ प्रतिशत भुभाग ओगटेको छ । यस गाउँपालिकामा ५ वटा वडा, २८ गाउँसभा सदस्य, र १३७६१ जनसंख्या रहेहको छ ।

**कार्यालयको उद्देश्य :**

क) स्थानीय सरकारले संचालन  गर्ने हरेक कार्यमा सहकारिता, सहअस्तित्व र समन्वय लाई प्रवर्द्धन गर्नु,

ख) स्थानीय सरकारका हरेक काममा जनसहभागिता उत्तरदायित्व पारदर्शिता गरी नागरिकलाई लाभको वितरणमा सुलभ र गुणस्तरिय सेवा प्रदान गर्नु,

ग) असल शासन सहित स्थानीय सरकार संचालन गर्नु,

घ) स्थानीय तहमा सार्वङ्गिण विकास गर्नु, आदी ।

**प्रमुख क्रियाकलापहरु:**

क) गाउँविकासका  लागि बार्षिक, आवधिक तथा विषयगत योजना तर्नुमा,

ख) स्थानीय सरकार संचालनका लागि आवश्यक कानून एवं मापदण्ड को निर्माण,

ग) गाउँसभा बाट पारित बार्षिक कार्यक्रम संचालन कार्यान्वयन,

घ) स्थानीय सरकार संचालन ऐन बमोजिम स्थानीय सरकारले सम्पादन गर्नुपर्ने कार्यहरु सम्पादन,

ङ) संघीय सरकार र प्रादेशिक सरकारबाट हस्तान्तरित आयोजना/ कार्यक्रम संचालन, आदी ।

| सि.नं | गो.भौ.नं./मिति | आन्तरिक लेखापरिक्षण गर्दा देखीएको मुख्य व्यहोरा | नियमित गर्नुपर्ने रकम रु | असुल उपर गर्नुपर्ने रकम | पेश्की रकम रु. |
|---|---|---|---|---|---|
| | | **गाउँपालिका पुंजीगत तर्फ** | | | |
| १ | २४/२०७७।१२।०३ | **सामाजिक सुरक्षा कर कट्टी सम्बन्धमा:** चालिसे खालो तारजाली उपभोक्ता समितिलाई भुक्तानी गर्दा सा.सु कर रु.१९५८ कट्टी नगरि भुक्तानी गरिएकोले उक्त रकम असुल गर्नुपर्ने | | १९५८ | |
| २ | २१०/२०७८।०३।२४ | ३ नं. सिचाई योजना उ.स. लाई भुक्तानी दिदा अग्रिम आयकर कट्टी गर्नु पर्नेमा सो नगरिएको ले असुल उपर गर्नुपर्ने देखिन्छ। | | ८४६२ | |
| ३ | | **डीपीआर खर्च सम्बन्धमा:** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्न नहुने व्यवस्था छ। सार्वजनिक खरि नियमावली २०६४ को नियम ७० मा खुला रुपमा आशयपत्र माग गरी संक्षिप्त सूची तयार गर्नु पर्ने भनि नियम ७० को विनियम १ मा २० लाख रुपयाँ भन्दा बढी मुल्यको सेवा खरिद् गर्न ऐन को दफा ३० बोजिम राष्ट्रिय स्तरको समचारपत्रमा तोकिए बमोजिमको कुराहरु खुलाई राष्ट्रियस्तरको आशयपत्र माग गरी सूचना प्रकाशन गर्नुपर्ने व्यवस्था छ। सो विपरी पालिकाले विभिन्न कार्यक्रमको विस्तृत परियोजना प्रतिवेदन तयारीको लागि दश लाख देखि माथि २० लाख भित्रका तीनवटा प्याकेजमा सोझै दरभाउपत्र बाट भएको पाईयो।<br>एकै प्रकृतिको अध्ययन प्रतिवेदनमा एउटै प्याकेज बनाई राष्ट्रियस्तरको प्रस्ताव माग गरी अधिकतम प्रतिस्पर्धाको आधारमा खरिद गर्न सकिनेमा बिना प्रतिस्पर्धा खरिद गरेको कारण खरिद लागत बढी भएको र मितव्ययीता कायम गर्न नसकेको अवस्था देखिन्छ। कार्यक्रम स्विकृत गर्दाको बखतनै रु.९ लाख देखी २० लाख भित्रका विभिन्न डिपीआर तयार गरेको ले प्रतिस्पर्धा सिमित हुने गरी गरिएको स्वीकृत कार्यक्रम र खरिद सम्झौता नियमित देखिएन। अधिकतम प्रतिस्र्धा हुने गरी मितव्ययी लागतमा डिपीआर तयार गरी सो बमोजिम योजनाहरु कार्यान्वयन को सुनिश्चितता हुनु पर्दछ। | | | |

| सि.नं. | गो.भौ.नं. | कार्यक्रमको नाम | परामर्शदाता | खर्च रकम रु. |
|---|---|---|---|---|
| १ | ११६ | गाउँपालिकाको पार्श्वचित्र निर्माण | Shatabdi research centre pvt. Ltd | १७०००००<br>पेश्की रु.३९७००० |
| २ | १९३ | गाउँपालिकाको भवन | Empirical Engineering consultancy pvt .Ltd. | १६९४५४०।६३ |
| ३ | १९४ | १० शैया अस्पतालको माटो परिक्षण तथा विस्तृत योजना प्रतिवेदन | Empirical Engineering consultancy pvt.Lltd. | १९४९०६४।६१ |

पदम बहादुर सुनुवार
आ.ले.प. सहायक

<table>
<tr><td></td><td></td><td colspan="5">
<table>
<tr><td>४</td><td>१२०</td><td>गाउँपालिका यातायात गुयोजना</td><td>Embark Engineering services pvt.Ltd.</td><td>९९०९२५।२५</td></tr>
</table>
डिपिआर तयारी सम्बन्धमा देखिएका थप व्यहोराहरु निम्न छन् :
<ul>
<li>सार्वजनिक खरिद ऐन २०६३ को दफा २९ अनुसार सार्वजनिक निकायमा उपलब्ध जनशक्तिबाट कुनै काम हुन नसक्ने भएमा मात्र परामर्श सेवाबाट खरिद गर्न सकिने व्यवस्था छ। उपलब्ध जनशक्तीबाटै कार्य हुन नसक्नुको कारण सहित विश्लेषण नगरी बाहिरको परामर्शदाता मार्फत कार्य भएको देखिन्छ।</li>
<li>प्राप्त प्रतिवेदन अध्ययन गरी टिओआर अनुरुप भए नभएको खुलाई त्रुटी सच्याउने र स्वीकृत गर्नृ कार्य गरेको छैन।</li>
<li>सम्झौता अनुसार प्रतिवेदन पेश गरेको कतिपय रिपोर्टमा परामर्शदाता फर्मबाट अन्य ठाउँमा गरेको रिपोर्ट कतिपय copy pest भएको पाइयो।</li>
<li>यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिम र सो भन्दा बढी रकम खर्च गरेको उपयुक्त देखिएन। डिपीआर तयार गर्दा गाउँपालिकाको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गदै आगामि दिनमा गाउँपालिकाको प्रविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ।</li>
<li>स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ८३ अनुसार परामर्श सेवाको प्रस्तावदाताको योग्यताको आधार निर्धारण गर्नु पर्दछ।</li>
</ul>
</td></tr>
<tr><td>४</td><td>३९/ ४२/२०७८।०३। ३०</td><td>बजेट टुकाई ररिद गरिएको सम्बन्धमा :<br>यस कार्यालयले मिनिटेलर हाते ट्रायाक्टर खरिद गरि ७५ प्रतिशत गा.पा.अनुदान को शिर्षकमा ८ लाख बजेट रहेकोमा उक्त रकम ५ लाख भन्दा बढी रहेकोले शलबन्दी दरभाउभत्र अनुसार खरिद प्रक्रिया अपनाउनु पर्नेमा सो नगरि बजेट टुक्राई कोटेशन बाट खरिद गरिएकोले उक्त रकम नियमित गर्नुपर्ने देखिन्छ।</td><td>८०००००</td><td></td><td></td><td></td></tr>
<tr><td>५</td><td>३९/२०७८।०२। ३१</td><td>कोटेसन माग नगरि सिधै खरिद सम्बन्धमा:<br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम १८ मा मौजुदा सूची तयार गर्ने व्यवस्था छ भने नियम २० मा खरिद सम्झौताको छनौट</td><td>२१२५००</td><td></td><td></td><td></td></tr>
</table>



पदम बहादुर सुनुवार
आ.ले.प. सहायक

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | सम्बन्धी व्यवस्था गरेको छ। साथै सार्वजनिक खरिद ऐनको परिच्छेद २ को दफा ८मा खरिद विधि छनौट गर्नुपर्ने ,दफा ४२ मा रासन खरिद सम्बन्धी विशेष व्यवस्था गरेको छ। १ लाख सम्म सोझै खरिद गर्नुपर्ने, ५लाख सम्म काटेशन मार्फत खरिद गर्नुपर्ने तथा ५ लाख देखि २० लाख सम्म सार्वजनिक खरिद ऐनको दफा ४० बमोजिम सिलबन्दि दरभाउपत्र बाट खरिद गर्नुपर्ने उल्लेख छ।<br>यस कार्यालयले प्रकोप नियन्त्रण तथा रोकथामको लागी चामल र दाल खरिद गर्दा सार्वजनिक खरिद ऐन तथा नियमावली को मरर्म र भावना अनुरुप खरिद गर्नुपर्ने सो नभएको पाईयो। | | | | |
| | | **अग्रीम आयकर सम्बन्धमा:**<br>Rohan Supplies Pvt.Ltd लाई रु.२१२५०० भुक्तानी गर्दा रु२१२५०० को अग्रीम आयकर कट्टी गर्नुपर्नेमा कट्टी नगरि भुक्तानी गरेको ले असुल गर्नुपर्ने। | | ३१८८ | | |

पदम बहादुर सुनुवार
आ.ले.प. सहायक

<table>
<tr><th>सि.नं.</th><th>गो.भौ.नं./मिति</th><th>आन्तरिक लेखापरिक्षण गर्दा देखीएको मुख्य व्यहोरा</th><th>नियमित गर्नुपर्ने रकम रु</th><th>असुल उपर गर्नुपर्ने रकम</th><th colspan="2">पेश्की रकम रु.</th></tr>
<tr><td>६</td><td>४९/२०७८।०३।१७<br><br>५०/२०७८।०३।१७</td><td>खरिद विधि छनौट पर्नुपर्न सम्बन्धमा:<br>सार्वजनिक खरिद ऐनको परिच्छेद-१ को दफा ८,९,१० तथा परिच्छेद २ को  दफा ८मा खरिद विधि छनौट गर्नुपर्ने ,दफा ४२ मा रासन खरिद सम्बन्धी विशेष व्यवस्था गरेको छ । सार्वजनिक खरिद नियमावली २०६४ को नियम १८ मा मौजुदा सूची तयार गर्ने व्यवस्था छ भने नियम २० मा खरिद सम्झौताको छनौट सम्बन्धी व्यवस्था गरेको छ। तर यस कार्यालयले कोभिड-१९ को कारण आर्थिक रुपमा कमजोर र अशक्तहरुको लगि खाद्यान्न सामग्री खरिद गरि वितरण गरेको पाईयो ।<br>ह्याङला छोङखाङ बाट खरिद  गरिएको एकै फर्म बाट वार्षिक ५ लाख भन्दा बढीको सामान खरिद गर्न नपाउने व्यवस्था रहेको तर यस गाउँपालिकाको विभिन्न वडाहरु रु.१९५२१०० बराबर को चामल खरिद गरि ल्याईएकोले उक्त रकम नियमित गर्नुपर्ने देखिन्छ ।<br>चामल खरिद को विवरण:
<table>
<tr><th>सि.न.</th><th>वडा</th><th>मिति</th><th>मूल्य रु</th><th>विजक नं.</th></tr>
<tr><td>१</td><td>१</td><td>२०७८।०३।१३</td><td>३१७२५०/३१०५०</td><td>२७०/३७१</td></tr>
<tr><td>२</td><td>२</td><td>२०७८।०३।१०</td><td>३६४५००</td><td>३६६</td></tr>
<tr><td>३</td><td>३</td><td>२०७८।०३।१३</td><td>३१७२५०/३१०५०</td><td>३६८/३७२</td></tr>
<tr><td>४</td><td>४</td><td>२०७८।०३।१३।</td><td>४४५५००</td><td>३६९</td></tr>
<tr><td>५</td><td>५</td><td>२०७८।०३।१०</td><td>२१६०००/२२९५००</td><td>३६५/३६७</td></tr>
</table>
साथै चामल खरिद सम्बन्धमा वडा कार्यालयले लिएको भन्ने विलमा उल्लेख छ को को व्यक्ति परिवारलाई कति कति  परिमाणमा वितरण गरियो ? कति  बाँकि छ ? यस सम्बन्धी कुनै अभिलेख पाईएन ।</td><td>१९५२१००</td><td></td><td></td><td></td></tr>
<tr><td></td><td colspan="6"></td></tr>
</table>

७

## न्यायिक सम्बन्धी :

**स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ४७ को उपदफा (१) अनुसार मुद्दा संख्या : ५**

| तारिखमा रहेको | पक्षले तारिख गुजारी बसेको | अन्तिम किनारा | विचाराधिन | | | विवरण |
|---|---|---|---|---|---|---|
| | | | नाप नक्सा गर्न बाँकी | मेलमिलाप केन्द्रमा गएको | साक्षि बुझ्न बाँकी | |
| ० | १ | ४ | ० | ० | ० | साँध सिमाना विवाद समाधान भएको । |

**स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ४७ को उपदफा (२) अनुसार मुद्दा संख्या : १४**

| तारिखमा रहेको | पक्षले तारिख गुजारी बसेको | अन्तिम किनारा | विचाराधिन | | | विवरण |
|---|---|---|---|---|---|---|
| | | | नाप नक्सा गर्न बाँकी | मेलमिलाप केन्द्रमा गएको | साक्षि बुझ्न बाँकी | |
| ० | ३ | ११ | ० | ० | ० | लेनदेन,गालिवेइज्जती, अंश, कुकूरले टोकेको,र जग्गाबाली |



पदम बहादुर सुनुवार
आ.ले.प. सहायक

८

# राजश्व तर्फ

## राजस्व आम्दानी विवरण

आ.व. २०७७/०७८

| क.स. | शिर्षक | बार्षिक अनुमान | आ.व. २०७७/०७८ | कैफियत |
|---|---|---|---|---|
| १ | भुमिकर/माल्पोत | | ४३०३४५।७ | |
| २ | घरजगा रजिष्टेशन दस्तुर | | ३२०२०० | |
| ३ | घरबाहल कर | | ३४९१३।३३ | |
| ४ | सरकारी सम्पतीको बाह्लबाट प्राप्त आय (सम्पत्ति भाडा) | | ४३४९४० | |
| ५ | परिक्षा शुल्क | | ३१५६० | |
| ६ | अन्य प्रशासनिक शुल्क (बोलपत्र फारम विक्रि समेत) | | २०७००० | |
| ७ | सिफारिस दस्तुर | | ४९५०७५ | |
| ८ | व्यक्तिगत घटना दर्ता विलम्ब दस्तुर | | ६२२०० | |
| ९ | नाता प्रमाणित दस्तुर | | ३०० | |
| १० | अन्य दस्तुर | | १३८८६२ | |
| ११ | व्यवसाय रजिष्ट्रेशन दस्तुर | | ३१००० | |
| १२ | अन्य राजश्व (मथिका अन्य शिर्षकमा नपरेका) | | १००५३७६।२ | |
| १३ | व्यवसाय कर | | ४६२०० | |
| १४ | बेरुजु (असुल भई प्राप्त आय) | | ४८१२२८ | |
| १५ | गत आ.व.को. बाकी रकम | | ९०७५० | |
| | | जम्मा | ३८०९९५०।२३ | |

९

**कर्मचारी को विवरण सम्बन्धमा:**

दरवन्दी तथा पदपूर्ति विवरण

| सि.नं. | पदनाम/ तह | सेवा। समूह | दरवन्दी संख्या | पदपूर्ति संख्या | | | रिक्त | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | स्थायी | करार | जम्मा | | |
| १ | **प्रमुख प्रशासकीय अधिकृत** | | 1 | 1 | 0 | 1 | 0 | |
| २ | **अधिकृतस्तर** | | | | | | | |
| | अधिकृत सातौं | लेखा | 1 | 1 | 0 | 1 | 0 | |
| | अधिकृत छैठौं | प्रशासन | 1 | 1 | 0 | 1 | 0 | |
| | अधिकृत छैठौं | शिक्षा | 1 | 1 | 0 | 1 | 0 | |
| | ईन्जिनियर छैठौं | इन्जि. | 1 | 0 | 0 | 0 | 1 | करारमा लिईने |
| | जनस्वास्थ्य अधिकृत, छैठौं | हे.ई. | 1 | 0 | 0 | 0 | 1 | |
| | जनस्वास्थ्य अधिकृत, छैठौं | क.न. | 1 | 0 | 0 | 0 | 1 | |
| | सूचना प्रविधि अधिकृत | विविध | 1 | 0 | 1 | 1 | 0 | |
| | रोजगार संयोजक, अधिकृत छैठौं | विविध | 1 | 0 | 1 | 1 | 0 | अस्थायी दरवन्दी |
| | अधिकृत छैठौं | कानून | 1 | 0 | 0 | 0 | 1 | |
| ३ | **सहायकस्तर** | | | | | | | |
| | सहायक पाँचौ | प्रशासन | 7 | 2 | 1 | 3 | 4 | |
| | सहायक पाँचौ | लेखा | 1 | 1 | 0 | 1 | 0 | |
| | सहायक पाँचौं | आ.ले.प. | 1 | 1 | 0 | 1 | 0 | |
| | प्राविधिक सहायक | शिक्षा | 1 | 1 | 0 | 1 | 0 | |
| | सहायक पाँचौं, कानून सहजकर्ता | कानून | 1 | 0 | 1 | 1 | 0 | |
| | सब ईन्जिनियर | ईन्जि | 3 | 1 | 1 | 2 | 1 | १ आर्किटेक्ट |



पदम बहादुर सुनुवार
आ.ले.प. सहायक

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | सब ईन्जिनियर (रोजगार तर्फ ) | ईन्जि | 1 | 0 | 1 | 1 | 0 | अस्थायी दरवन्दी |
| | प्राविधिक सहायक पाचौं | कृषि | 1 | 0 | 1 | 1 | 0 | |
| | पशु सेवा प्राविधिक पाँचौं | कृषि | 1 | 0 | 0 | 0 | 1 | |
| | खा.पा.स.ट. पाँचौं | ईन्जि | 1 | 1 | 0 | 1 | 0 | |
| | कम्प्यूटर अपरेटर | विविध | 1 | 1 | 0 | 1 | 0 | |
| | सूचना प्रविधि सहायक | विविध | 1 | 0 | 1 | 1 | 0 | |
| | अ.सब ईन्जिनियर | ईन्जि | 5 | 3 | 0 | 3 | 2 | |
| | प्रशासन, चौथौं | प्रशासन | 6 | 4 | 0 | 4 | 2 | |
| | ना.प्र.स. चौथौं | कृषि | 2 | 0 | 1 | 1 | 1 | |
| | ना.प्र.स.सेवा, चौथौं | पशु सेवा | 2 | 0 | 2 | 2 | 0 | |
| | अमिन, चौथौं | सर्भे | 1 | 0 | 1 | 1 | 0 | |
| | सहायक महिला वि.नि., चौथौ/पाचौं | विविध | 1 | 0 | 0 | 0 | 1 | |
| | सहायक कम्प्यूटर अपरेटर, चौथौं | विविध | 6 | 0 | 5 | 5 | 1 | |
| | सहायक तेस्रो | प्रशासन | 1 | 1 | 0 | 1 | 0 | |
| | व्याक हु लोडर चालक | विविध | 1 | 0 | 1 | 1 | 0 | |
| | हलुका सवारी चालक | विविध | 3 | 0 | 2 | 2 | 1 | |
| ४ | **सहयोगीस्तर** | | | | | | | |
| | गाउँ प्रहरी | विविध | 10 | 0 | 0 | 0 | 10 | |
| | ख.कार्यालय सहयोगी/पाले | | 15 | 3 | 8 | 11 | 4 | |
| | **जम्मा** | | 83 | 23 | 28 | 51 | 32 | |
| ५ | **कार्यक्रम तर्फ** | | | | | | | |
| | सामाजिक सुरक्षा, पन्जिकरण | | | | | | | |
| | क.एम आई.एस अपरेटर | विविध | 1 | 0 | 1 | 1 | 0 | |



पदम बहादुर सुनुवार
आ.ले.प. सहायक

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | ख.फिल्ड सहायक | विविध | 2 | 0 | 2 | 2 | 0 | | |
| | | | लघु उद्यम विकास कार्यक्रम | | | | | | | | |
| | | | क. उद्यम विकास सहजकर्ता | विविध | 2 | 0 | 2 | 2 | 0 | | |
| | | | बहु क्षेत्रीय पोषण कार्यक्रम | | | | | | | | |
| | | | क. पोषण स्वयम सेवक | विविध | 1 | 0 | 1 | 1 | 0 | | |
| | | | **कूल जम्मा** | | **89** | **23** | **34** | **57** | **32** | | |

१० **घ्याङलेख गाउँपालिकाको आ.व.२०७७।७८ आर्थिक विवरण**

क) आ.व. २०७७/०७८ को बजेट विवरण (रु)

**वित्तिय समानीकरण अनुदान**

| संघ बाट प्राप्त बजेट | यथार्थ खर्च | प्रदेश बाट प्राप्त बजेट | यथार्थ खर्च |
|---|---|---|---|
| ७१२००००० | ४९९१५७२८।२८ | ९९७२००० | ६८८३४०८।७९ |

**शसर्त अनुदान:**

| संघ बाट प्राप्त बजेट | यथार्थ खर्च | प्रदेश बाट प्राप्त बजेट | यथार्थ खर्च |
|---|---|---|---|
| १२८०८१५४० | १०१९४५२०६।८९ | १६२३८००० | ११२५६४३१।५० |

**समपुरक अनुदान:**

| संघ बाट प्राप्त बजेट | यथार्थ खर्च | प्रदेश बाट प्राप्त बजेट | यथार्थ खर्च |
|---|---|---|---|
| ० | ० | २९७६४००० | १३६१७७६२ |

**विशेष अनुदान:**

| संघ बाट प्राप्त बजेट | यथार्थ खर्च | प्रदेश बाट प्राप्त बजेट | यथार्थ खर्च |
|---|---|---|---|
| ० | ० | ० | ० |



पदम बहादुर सुनुवार
आ.ले.प. सहायक

### राजश्व बाँडफाँठ

| संघ बाट प्राप्त बजेट | यथार्थ खर्च | प्रदेश बाट प्राप्त बजेट | यथार्थ खर्च |
|---|---|---|---|
| ५०८१८४५८।५१ | ४५३१५४५९।८६ | ९१४३१३६।३१ | ४०३९८५०।३८ |

रोयल्टी

| संघ बाट प्राप्त बजेट | यथार्थ खर्च | प्रदेश बाट प्राप्त बजेट | यथार्थ खर्च |
|---|---|---|---|
| ० | ० | ० | ० |

ख) आफ्नै प्रशासकीय भवन भएको/नभएको

| प्रशासकीय भवन भएको /नभएको | निर्माणधिन भएकृ भए हाल सम्मको भौतिक प्रगति | नभएको खण्डमा हाल कार्यालय बसेको अवस्था: |
|---|---|---|
| निर्माणधिन | ९० प्रतिशत | भाडामा रहेको |

ग) यस गाउँपालिका बाट संचालित कार्यक्रमको विवरण

**सडक कालोपत्रे / ढलान**

| आ.व. २०७४/७५ मा | आ.व. २०७५/७६ मा | आ.व. २०७६/७७ मा | जम्मा |
|---|---|---|---|
| ० | ० | ० | ० |

**सडक ग्रावेल**

| आ.व. २०७४/७५ मा | आ.व. २०७५/७६ मा | आ.व. २०७६/७७ | आ.व. २०७७/७८ | जम्मा |
|---|---|---|---|---|
| ०.२३ | १.२३ | १.४३ | २.२२ | ५.११ |

**सडक ट्र्याक खोल्ने**

| आ.व. २०७४/७५ मा | आ.व. २०७५/७६ | आ.व. २०७६/७७ | आ.व. २०७७/७८ | जम्मा |
|---|---|---|---|---|
| ४.६३ | २५ | ४५.८५ | २०.८७ | ९६.३५ |



पदम बहादुर सुनुवार
आ.ले.प. सहायक

**पुल निर्माण (मोटरेवल पुल)**

| आ.व. २०७४/७५ मा | आ.व. २०७५/७६ मा | आ.व. २०७६/७७ मा | जम्मा |
|---|---|---|---|
| ० | ० | ० | ० |

**पुल निर्माण (झोलुङ्गे पुल)**

| आ.व. २०७४/७५ मा | आ.व. २०७५/७६ मा | आ.व. २०७६/७७ मा | आ.व. २०७७/७८ | जम्मा |
|---|---|---|---|---|
| १ | ० | २ | १ | ४ |

**पुल निर्माण (आकाशे पुल)**

| आ.व. २०७४/७५ मा | आ.व. २०७५/७६ मा | आ.व. २०७६/७७ मा | जम्मा |
|---|---|---|---|
| ० | ० | ० | ० |

**पार्क निर्माण:**

| आ.व. २०७४/७५ मा | आ.व. २०७५/७६ मा | आ.व. २०७६/७७ | आ.व. २०७७/७८ | जम्मा |
|---|---|---|---|---|
| १ | ० | ० | १ | २ |

**खानेपानी ( खानेपानी सुविधा थप उपलब्ध गराएका परिवार:)**

| आ.व. २०७४/७५ मा | आ.व. २०७५/७६ मा | आ.व. २०७६/७७ मा | आ.व. २०७७/७८ | जम्मा |
|---|---|---|---|---|
| ४ | २२ | ५५ | ६५ | १४६ |

**खानेपानी ( खानेपानी सुविधा लाभाम्वित परिवार:)**

| आ.व. २०७४/७५ मा | आ.व. २०७५/७६ मा | आ.व. २०७६/७७ मा | आ.व. २०७७/७८ मा | जम्मा |
|---|---|---|---|---|
| ४५० | ११० | २१० | ३२५ | १०९५ |

**नदी नियन्त्रण:**

| आ.व. २०७४/७५ मा | आ.व. २०७५/७६ मा | आ.व. २०७६/७७ मा | आ.व. २०७७/७८ | जम्मा |
|---|---|---|---|---|
| ०.८३ | ०.५३ | ०.२७ | ०.७ | २.३३ |

**सामाजिक सिचाई:**

| आ.व. २०७४/७५ मा | आ.व. २०७५/७६ मा | आ.व. २०७६/७७ | आ.व. २०७७/७८ | जम्मा |
|---|---|---|---|---|
| ७ | १२.७२ | १५.२६ | २६ | ६०.९८ |



पदम बहादुर सुनुवार
आ.ले.प. सहायक

### जलविद्युत तथा वैकल्पिक उर्जा प्रसारण लाईन विस्तार

| आ.व. २०७४/७५ मा | आ.व. २०७५/७६ मा | आ.व. २०७६/७७ मा | आ.व. २०७७/७८ | जम्मा |
|---|---|---|---|---|
| ० | २५ | ५ | ५ | ३५ |

### नयाँ विद्यालय निर्माण तथा घेरावेरा सम्पन्नः

| आ.व. २०७४/७५ | आ.व. २०७५/७६ | आ.व. २०७६/७७ मा | आ.व. २०७७/७८ | जम्मा |
|---|---|---|---|---|
| १ | २ | २ | ५ घेरावेरा | ५ र ५ |

### नयाँ कक्षा कोठा निर्माण सम्बन्धी

| आ.व. २०७४/७५ मा | आ.व. २०७५/७६ मा | आ.व. २०७६/७७ मा | आ.व. २०७७/७८ | जम्मा |
|---|---|---|---|---|
| २ | १५ | ० | ० | १७ |

### स्वास्थ्य चौकी निर्माण तथा घेरावेरा सम्बन्धीः

| आ.व. २०७४/७५ मा | आ.व. २०७५/७६ मा | आ.व. २०७६/७७ मा | आ.व. २०७७/७८ | जम्मा |
|---|---|---|---|---|
| १ | ० | ० | १ (घेरावेरा) | १ |

### सामुदायीक भवन निर्माण :

| आ.व. २०७४/७५ | आ.व. २०७५/७६ मा | आ.व. २०७६/७७ मा | आ.व. २०७७/७८ | जम्मा |
|---|---|---|---|---|
| २ | ११ | ३ | २३ | ३९ |

### आन्तरिक आय रु

| आ.व.२०७४/७५ | आ.व.२०७५/७६ | आ.व. २०७६/७७ | आ.व. २०७७/७८ | जम्मा |
|---|---|---|---|---|
| ० | २८२९४१३.०६ | १५०२५४४.१ | ३८०९९५०२३ | ८१४१९०७३९ |

### कुल विनियोजित बजेट (रु)

| आ.व. २०७४/७५ मा | आ.व. २०७५/७६ मा | आ.व. २०७६/७७ मा | आ.व. २०७७/७८ | जम्मा |
|---|---|---|---|---|
| ० | ३१६१२३००० | ३५३३६६९४० | ४२६५३२००० | |



पदम बहादुर सुवेदार
आ.ले.प. सहायक

**कुल खर्च (रु)**

| आ.व. २०७४/७५ | आ.व. २०७५/७६ मा | आ.व. २०७६/७७ मा | आ.व. २०७७/७८ | जम्मा |
|---|---|---|---|---|
| ० | २५२६७४७६९।८ | १८२८१०२६५।६ | २८०७७९७१६।१३ | |

११ **बार्षिक खरिद योजना तयार गर्नुपर्ने सम्बन्धमा:**

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ८ मा सार्वजनिक निकायले वार्षिक दश लाख रुपैयाभन्दा बढी रकमको खरिद गर्नुपर्ने भएमा आगामी आर्थिक वर्षको अनुमानित वार्षिक कार्यक्रम तथा बजेट तयार आगामी आर्थिक वर्षमा खरिद योजना तयार गर्नुपर्ने छ। त्यसरी खरिद योजना तयार गर्दा नियम ७ बमोजिम खरिदको गुरुयोजना समेत तयार हुनुपर्नेमा सो नभएको पाईयो।

१२ **सडक नाला बायो-इन्जिनियसरङ्ग सम्बन्धमा :** सार्वजनिक निकायले निर्माण कार्य गर्दा गराउँदा सो को गुणस्तर तथा दिगोपना तथा वातावरणीय पक्षमा उचित ध्यान दिनुपर्दछ। सडक निर्माण (नयाँ ट्रयाक, सडक विस्तार तथा मर्मत /सम्भार ) सँगसँगै पानीको निकासको लागि उपयुक्त साइजको नाला तथा भु-क्षय रोक्नका लागि बायो-इन्जिनियरिङ्ग कार्य समेत गर्दै जानुपर्ने कार्यालयले सो तर्फ पर्याप्त ध्यान दिएको पाइएन। जसले गर्दा निर्माण गरिएको सडक वर्षात्मा सञ्चालनमा आउन नसक्ने बर्षात्पछि उही सडक सण्डमा पुन : बजेट खर्च गर्नुपर्ने, भू-क्षय तथा भू-स्खलनले वातावरणीय पक्षमा प्रतिकूल असर पर्ने अवस्था रहेको छ। अत: उल्लेखित पक्षहरुमा कार्यालयको ध्यान जानुपर्दछ।

१३ **जीन्सी तथा सम्पत्ति व्यवस्थापनको स्थिति:**

| क.सं. | विवरण | अवस्था |
|---|---|---|
| १ | सवारी साधन तथा मेसिनरी औंजार मर्मत सम्भार खर्चको सम्वन्धित अभिलेख खाता (२ नं. फाराम ) नराखी भुक्तानी गरेको नगरेको | नगरेको |
| २ | जिन्सी मालसामानको विवरण अद्यावधिक गरेको नगरेको | नगरेको |
| ३ | जिन्सी निरीक्षण लिलाम गर्नुपर्ने मालसमानको लागि विगत तीन बर्षभन्दा बढी भैसक्दा पनि लिलामको कारबाही (गरेको, नगरेको) | नगरेको |



पदम बहादुर सुनुवार
आ.ले.प. सहायक

| | | | |
|---|---|---|---|
| | ४ | तोकिएको ढाँचामा सरकारी सम्पत्तिको अभिलेख को.ले.नि.का.मा पेश ( गरेको, नगरेको) | नगरेको |

(क)कार्यालयमा आवश्यक सामान खरिद गर्दा स्वीकृत खरिद योजना अनुसार गर्नु पर्ने ।
(ख)डेक्सटप, क्यामेरा, ल्यापटप कम्प्युटर, प्रीन्टर , सि.पी.यु, स्क्यानर, फोटोकपी मेसीन, इनभटर तथा अन्य इलेक्ट्रोनिक्स सामानको जिन्सी दाखिला गर्दा गर्दा कम्पनी र मोडल सहित उल्लेख गर्नु पर्ने ।
(ग)विग्रेका तर म्याद समात्त नभएका सि.एफ.एल बल्वहरु साद्दनको लागि समयमै पहल गर्नु पर्ने ।
घ)औषधी तथा जिन्सी समानको भण्डारण व्यवस्था उचित तरिकाले गर्नु पर्ने ।
(ङ)सरकारी कामको लागि घर गोदाम भाडामा वा बहालमा लिई भुक्तानी दिईएकोमा रेन्ट कमिटिको निर्णय नभै दुई पक्षको मात्र सम्झौता भएको पाईयो ।
(च)सवारी साधन तथा अन्य उपकरण प्रयोग गरिएको लगबुक केहीले मात्र संलग्न गरिएका पाइयो सबै सवारी साधन को अनिवार्य लगबुक प्रयोग हुनु पर्ने ।
(छ)खरिद इकाई समिति गठन गर्नुपर्ने ।
(ज)जिन्सी निरीक्षण समिति गठन गर्नुपर्ने ।

नोटः- पेट्रोल/डिजेल पम्प बाट डिजेल /प्रट्रोल ल्याउदा खरिद आदेश, दाखिला प्रतिवेदन, भुक्तानी दिँदा माग फारम को आधारमा इन्धन खर्च भईसकेपछि सोको लगबुक खर्चको भौचर सँग समावेश नगरिएको पाईएकाले यस्तो कार्य नियमित गर्नु पर्नेदेखिन्छ । आउने दिनहरुमा यस्ताकार्य नगर्न नगराउनु हुन अनुरोध छ ।

| | |
|---|---|
| १४ | **ज्याला तथा निर्माण सामग्री दररेट सम्बन्धमाः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १४८ मा प्रत्येक जिल्लामा पुरै जिल्ला भरी वा जिल्लाको कुनै भागमा छुट्टै लागु हुने गरी निर्माण सामग्री र ढुवानीको दररेट, मेसिन तथा उपकरणको भाडा र कामदारको ज्याला निश्चित गर्दा प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा एक समिति रहने छ । त्यस्तो दररेट निर्धारण गर्दा प्रचलित बजार दरलाई आधार लिनुपर्ने हरेक वर्षको श्रावण महिना भित्र त्यस्तो दररेटको सुचना प्रमुख जिल्ला अधिकारी ले जिल्ला भित्रका सबै कार्यालयहरुमा पठाई साको जानकारी सार्वजनिक खरिद अुगमन कार्यालय म.ले.प र को.ले.नि.का. लाई दिनु पर्ने व्यवस्था छ |
| १५ | **पेश्की बारे अनुगमन गर्ने सम्बन्धमाः** आर्थिक कार्यविधि नियमावली, २०६४को नियम मा पेश्की बारे अनुगमन गर्ने बारे व्यवस्था छ । यस नियमावली बमोजिम पेश्की फछ्यौट भयो वा भएन भन्ने कुरा जानकारी दिन र पेश्की फछ्यौट समयमा गराउन पेश्कीको सूचि तयार गरी आर्थिक प्रशासन शाखा प्रमुखले कार्यालय प्रमुखले सोको समीक्षा गरी पछ्यौटको कार्य गर्नु पर्नेछ । |



५८५
पदम बहादुर सुनुवार
आ.ले.प. सहायक

| | |
|---|---|
| १६ | **योजना हस्तान्तरण सम्बन्धमा :-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम,९७(१२) को उपनियम ११ बमोजिम निर्माण कार्य सम्पन्न भएपछि सार्वजनिक निकायले सोको रेखदेख, मर्मत संभार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वामित्व उपभोक्ता समिति वा लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नुपर्ने व्यवस्था छ । कार्यालयबाट संचालित आयोजनाहरु मध्ये उपभोक्ता समिति मार्फत संचालन भएका आयोजनाहरु सम्पन्न भैसके पश्चात समितिलाई नै हस्तान्तरण गर्नुपर्नेमा विगत बर्ष देखि संचालन गरिएिका कुनै पनि योजना सम्बन्धित समुदायलाई मर्मत सम्भारको जिम्मेवारीसमेत हस्तान्तरण गर्ने गरिएको पाईएन । समयमानै निर्माण कार्य सम्पन्न गरी आयोजनाहरुको स्वामित्व उपभोक्ता समितिमै रहने गरी हस्तान्तरण गर्ने कार्यमा गाउँपालिकाको ध्यान जनुपर्ने देखिन्छ । |
| १७ | **वातावरणीय प्रभाव सम्बन्धमा:**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ मा वातावरण संरक्षण र जैविक विविधता सम्बन्धि स्थानीय नीति, कानून, कार्यविधि मापदण्ड, योजना तर्जुमा तथा त्यसको कार्यान्वयन, अनुगमन र नियमन गर्न सक्ने, ढुङ्गा गिट्टी, वालुवा लगायतको सर्वेक्षण, उत्खनन् तथा उपयोगको दर्ता, अनुमति, नविकरण, खारेजी र व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । स्थानिय तहको क्षेत्रमा स्थल, जल, वायु, तथा ध्वनी पूदषण वन विनास नियन्त्रण गरी वातावरण संरक्षण गर्ने कार्यमा सहयोग गर्ने गराउने कर्तव्य तोके पनि त्यस अनुरुप कार्य भएको देखिएन, यो वर्षमा विपद व्यवस्थापन, वातावरण संरक्षण तथा जलवायु परिवर्तन, वन तथा भु संरक्षण, जलाधार संरक्षण कार्यमा आवश्यकता अनुसार बजेट एवं कार्यक्रम कार्यान्वयन गर्नुपर्नेमा सो अनुरुप नगरेको पाईयो । तसर्थ वातावरण संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार नगरेको सडक निर्माणको एकीकृत बहुवर्षे योजना ढल निर्माणको एकिकृत योजना नवनाएको अवस्था छ । वातावरणी प्रभाव मुल्याङ्कनलाई ध्यान दिई कार्यक्रम सञ्चालन गरिनुपर्दछ । |
| १८ | **सार्वजनिक सुनुवाई एवं परिक्षण सम्बन्धमा :**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम हरेक स्थानीय तहले सार्वजनिक सेवाप्रवाह लाई पारदर्शि, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक परीक्षण, सामाजिक परीक्षण तथा सर्वजनिक सुनुवाई जस्ता कार्यक्रम सञ्चालन गरी वित्तीय जवाफदेहीतालाई प्रभावकारी बनाउनु पर्नै व्यवस्था छ । यस गाउँपालिकाले सार्वजनिक सुनुवाई गरे पनि अझै प्रभाकारी बनाउँदै सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र परिक्षण गरि पारदर्शी र जवाफदेहिता पालन गरेको हुनुपर्ने देखिन्छ ।<br><br>**उत्पादन मुलक क्षेत्रमा लगानी :**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ को उपदफा ३ मा गाउँपालिकाले विकास योजना छनौट गर्दा आर्थिक विकास तथा गरिवी निवारणमा प्रत्यक्ष योगदान पुग्ने, उत्पादन मुलन क्षेत्र तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने, जनताको जीवनस्तर, आम्दानी तथा रोजगारी बढ्ने किसिमका योजनाहरुलाई प्राथमिकता दिनुपर्ने व्यवस्था छ । तर यस गाउँपालिकाले भ्यु टावर, खेलमैदान, सडक विस्तार, सामुदायीक भवन, विभिन्न किसिम को कार्यक्रम जस्ता योजनाहरु खर्च गरेकोले यस्ता अनुत्पादक योजनाहरुमा लगानी निरुत्साहीत गरी स्थानिय सरकार सञ्चालन ऐनले व्यवस्था गरे अनुसार उत्पादनमुलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने योजनाहरु छनौट गरी कार्यान्वयन गरिनुपर्दछ । |



पदम बहादुर सुनुवार
आ.ले.प. सहायक